# प्रेस विज्ञप्ति
# जेष्ठ ३१, २०८०

## एन आई सी एशिया क्यापिटल र अगम फूड इण्डष्ट्रि प्रा.लि. बीच क्यापिटलको IDEA to IPO सेवा उपलब्ध गराउने सम्बन्धी दुई पक्षिय सम्झौता सम्पन्न ।

एन आई सी एशिया क्यापिटलले "IDEA to IPO" सेवा अन्तर्गत कुनै पनि क्षेत्रका कम्पनीहरुलाई कम्पनीको स्थापना कालदेखि IPO जारी गर्ने चरणसम्म पुर्‍याउन आवश्यक सम्पूर्ण परामर्श सेवा उपलब्ध गराउदै आईरहेको छ ।



सोही सेवा अन्तर्गत लाजिम्पाट, काठमाण्डौमा कार्पोरेट कार्यालय रहेको अगम फूड इण्डष्ट्रि प्रा.लि.लाई क्यापिटलको **"IDEA to IPO"** सेवा अन्तर्गतको संस्थागत परामर्श सेवा, शेयर रजिष्ट्रार सेवा, Private Placement बाट कम्पनीलाई आवश्यक पर्ने फण्डको व्यवस्था गरिदिने सहित अगम फूड इण्डष्ट्रि प्रा.लि.लाई पब्लिक कम्पनीमा परिणत गराई आगामी दिनमा IPO जारी गर्ने चरणमा पुर्‍याई भविष्यमा सर्वसाधारणहरुमा साधारण शेयरको सार्वजनिक निष्कासन गरिदिने सम्मको सेवा प्रदान गर्नको लागि एन आई सी एशिया क्यापिटल लिमिटेड र अगम फूड इण्डष्ट्रि प्रा.लि.बीच मिति २०८० साल जेष्ठ ३० गते दुई पक्षिय सम्झौता सम्पन्न भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

अगम फूड इण्डष्ट्रि प्रा.लि. नेपालको सबैभन्दा ठुलो स्टीम राइस मिल उद्योग मध्ये एक हो । उक्त राइस मिल उद्योग सन् २००५ देखि भरतपुर वडा नं. १३, चितवनमा उद्योग स्थापना गरी नियमित रुपमा आफ्नो उत्पादन देशको विभिन्न भु-भागमा बिक्री वितरण गर्दै आइरहेको छ । स्वदेशी किसानहरुबाट धान खरिद गरी चामल उत्पादन गरी चामलको आयात घटाइ राष्टिय अर्थतन्त्रलाई जोगाउने मुख्य उद्देश्यका साथ संचालन गरिएको अगम फूड इण्डष्ट्रिले आगामी दिनमा अत्याधुनिक प्रविधिको प्रयोग मार्फत आफ्नो उत्पादनलाई नेपालभर विस्तार गरी उपभोक्ताहरुलाई सहज, सर्वसुलभ, गुणस्तरीयका साथै सुपथ मुल्यमा चामल लगायत अन्य उत्पादनहरु उपलब्ध गराउने लक्ष्य लिएको छ ।

साथै क्यापिटलको "IDEA to IPO" सेवा सम्बन्धी थप जानकारीको लागि मर्चेण्ट बैंकिङ्ग प्रमुख, श्री दामोदर रायमाझी मोवाईल नं. ९८५११८४९७९ वा इमेल ठेगाना ideatoipo@nicasiacapital.com मा सोझै सर्म्पक गर्न सकिने व्यहोरा समेत सहर्ष जानकारी गराउदछौं ।

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली
एक DEMAT खाता

मेरो लगानी,
मेरो भविष्य